# ३ मानिसः परमेश्वरको हस्तकला

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति १:२७, उत्पत्ति १:२६, मर्कूस १२:१३-१७, उत्पत्ति २:१९-२५, प्रेरित १७:२६, रोमी ५:१२-१९।

*स्मरण गर्नुपर्ने पद:* "परमप्रभु हाम्रो परमेश्वर हुनुहुन्छ भनेर तिमीहरूले महशुस गरोस् भन्ने म चाहन्छु। उहाँले नै हामीलाई सृष्टि गर्नुभएको हो, र हामी उहाँका हौं।" (भजन १००:३ रूपान्तरित)

मूल सोच: परमेश्वरले मानिसहरूलाई उहाँको आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो। हामीमा भएको त्यो स्वरुपलाई पापले बिगारी दियो। पापले गर्दा भ्रष्ट भएको हामीमा भएको त्यस स्वरुपलाई जिर्णोउद्धार गर्ने परमेश्वरको योजना हो।

अर्थर श्वपनहौर भन्ने उन्नाइसौं शताव्धीको दार्शनिक एक दिन गहिरो सोचमा परेको थियो। मानव जाति हुनुभनेको के होला भन्ने तर्कमा उनी हराइरहेको थियो। अचानक त्यहि सोचकै समयमा एक जना मानिससँग बाटोमा ठोक्किन पुग्यो। रिसको झोकमा श्वपनहौरलाई चिच्च्याएर भन्यो, "तँ कोहोस् भनि ठानिस्?"

"म को हुँ रे?" श्वपनहौरले जवाफ दियो। "खै, मलाई थाहा पाएको भए हुन्थ्यो।"

म को हुँ? हामी मानिस जाति भएकोले हामी को हौं त? जगतको समुद्रको बालुवाको कण जस्तो यस पृथ्विमा हामी यहाँ के गरिरहेकाछौं? यहाँ हामी कसरी जन्मिन पुग्यौं र किन आयौं?

ती जिज्ञासाहरू पुरानै भएतापनि मानव जाति अझ सम्म त्यसको बारेमा तर्क वितर्क गरिरहेकाछन्। तर ती सबै प्रश्नहरूको जवाफ बाइबलले दिन्दछ। मानव जाति र सृष्टिको बीचमा अति निकट सम्वन्ध भएकोले नै मानिसमा उब्जिएका प्रश्नहरूको जवाफ बाइबलले दिन

सकेको हो। बाइबलमा दिएको हाम्रो मानवपना र सृष्टिको उल्लेखनीय आत्मज्ञान अरू ज्ञान भन्दा कम छैन। किनभने बाइबलले नै हाम्रो ऐतिहासिक सुरुवातको बारेमा बताउँछ र हामी कसरी आयौं भनेर औंल्याउँछ।

परमेश्वरको अस्तित्वलाई अश्विकार गर्ने बिकासबाद सिद्धान्त सृष्टिबाद जस्तो हैन। जीवनमा खास मूल्य मान्यता वा लक्ष्य छैन भनेर त्यसले सिकाउँदछ। व्यवस्थित वा सुनियोजित तरिकाले हामी यहाँ आएका होइनौं तर अचानक कताकताबाट हाम्रो उत्पत्ति भएको हो भने त्यस बिकासवाद सिद्धान्तले सिकाउँदछ। सृष्टिबाद र विकासवाद दुई अत्यन्त फरक विद्या हो। यस संसारमा जीवन कसरी सृष्टि भयो र हामी मानिस भएको अर्थ के हो भन्ने मत दुवैको उल्टो छ।

## १ सृष्टि र मानव जीवनको उत्पत्ति (उत्तत्ति १:२७)

बिकासबाद जस्तो सिद्धान्तको बिपरित मानव जीवनको उत्पत्ति कसरी भयो भनेर उत्पत्ति १:२७ले हामीलाई बताउँदछ? मानव जीवनको उत्पत्तिको बारेमा विश्वका विभिन्न दर्शन र धर्महरूको आफ्नै दृष्टिकोण छ। तर बाइबलले स्पष्ट रूपमा सृष्टिको बारेमा आफ्नै धारणा व्यक्त गर्दछ।

परमेश्वरले मानिसलाई विशेष लक्ष्य लिएर सृष्टि गर्नुभएको थियो। त्यसले गर्दा मानिस जाति अचानक त्यसै वा सुक्ष्म जीववाट बिकास भयो भन्ने धारणालाई बाइबलले ठाँउ दिन्दैन। सुरूदेखि नै परमेश्वरले हाम्रो जीवन अर्थमूलक बनाउनुभएको थियो। अरू कुनै जीवजीवात भन्दा हाम्रो स्वभाव भिन्नै तरिकाले सृष्टि गरिएको थियो।

“परमेश्वरको स्वरूपमा बनाइएको" हाम्रो जीवनको खास लक्ष्य छ। स्पष्ट उद्देष्य लिएर परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको छ। परमेश्वरले निर्धारण गर्नुभएको लक्ष्य लिएर हामी यस संसारमा छौं भन्ने धारणा अत्यन्त महत्त्वपूर्ण छ किनकि हाम्रो भविष्यको अर्थ र लक्ष्य हामीले नै सृष्टि गर्नुपर्छ भन्ने तर्क कतिपय चिन्तकहरूले प्रस्तुत गरेको पाइन्छ।

हामी जन्मनुको कुनै अर्थ छैन न त उद्देष्य नै छ भनेर ती बुद्धिजीवि भनाउँदाहरूले तर्क गर्दछन्। यदि सुनियोजित ढँगले सृष्टि नभएर अचानक हाम्रो प्रादुर्भाव भयो भने हामी जन्मिनुको अर्थ केहि पनि छैन भनेर विकासवाद सिद्धान्तलाई अङ्गाल्नेले सजिलैसँग तर्क गर्न सक्दछ। तर हामी परमेश्वरकै योजना अनुसार उहाँको स्वरूपमा हामी सृष्टि भएका हौं। परमेश्वरको महिमा गर्न उहाँले हामीलाई सृष्टि गर्नुभएको हो।

आदिअनादिकाल भन्दा इतिहाससँग जोडिएको हुन्छ। यहूदा १३, रोमी ५:१२-२१ र १ कोरन्थी १५:२०-२२ पढ्नुहोस्। उत्पत्ति १ र २ले बताएको अनुसार आदम कुनै मनगढन्ते व्यक्ति नभएर यस पृथ्वीमा भएको साँच्चिक्कै व्यक्ति हुन् भनेर उपरोक्त पदहरूले कसरी ठोकुवा गरेको छ? आदम ऐतिहासिक व्यक्तित्व हुन् भनेर बुझ्नु किन महत्त्वपूर्ण छ?

कतिपय बाइबलका विज्ञ वा चिन्तक अर्थात् विद्वानहरूले आदम अनुमानित व्यक्ति हुन् भनेर विश्वास गरेको सुन्दा अचम्म लाग्नु स्वभावै हो। आदम मिथ वा मिथ्य अर्थात् दन्त्यकथाको पात्र हुन्। उनी साँच्चिक्कै नभएर केवल यस पृथ्वीका सबै मानिसहरूको प्रतिक हुन् भनेर तिनीहरूले बादविवाद गर्दछन्। बाइबलका पदहरूलाई वँग्याएर मोडाएर मात्र त्यस्ता किसिमको निष्कर्ष ल्याउन सक्दछ। आदम मिथ्या व्यक्ति हुन् भनेर पुरानो र नयाँ करारका पदहरूलाई बँग्याएर तिनीहरूले तर्क प्रस्तुत गर्दछन्।

तपाईं परमेश्वरको स्वरूपमा सृष्टि हुनुभएको हो भन्ने तथ्यलाई मनन् गर्नुहोस्। तपाईंमा कमि कमजोरी होला, यद्यपि, तपाईं कुनै तल्लो जनावरबाट विकसित नभएर परमेश्वरकै हातबाट सृष्टि हुनुभएको हो भन्ने धारणाले तपाईंको मूल्य मान्यता र गरिमालाई कसरी असर पार्दछ?

## २. परमेश्वरको स्वरुपमाः खण्ड १ (उत्पत्ति १:२६)

आदम र हवा पौराणिक दन्त्यकथा नभएर साँच्चिक्कै नर र नारी थिए भनेर अघिल्लो बुँदामा हामीले हेऱ्यौं। तिनीहरू रगत र मासुले

बनेका थिए, यद्यपि, तिनीहरू परमेश्वरको स्वरूपमा थिए। कुनै बाँदरको स्वरूपमा नभएर परमेश्वरको स्वरूपमा हामी सृष्टि भएका हौं भन्ने दर्शनले हामी असल र विशेष जाति हौं भन्ने आभास दिनु स्वभाविकै हो। त्यसले हामीलाई बहुमूल्य जीव हौं भनेर सिकाउँदछ। तर त्यसको अर्थ के हो त?

उत्पत्ति १:२६ ध्यान दिएर पढ्नुहोस्। मानव जात उहाँको स्वरूपमा सृष्टि गरिने भनेर परमेश्वरले भन्नुहुन्छ। अनि परमेश्वरको अठोौतलाई उहाँले कसरी पुऱ्याउनुभयो त? अनि "हामी परमेश्वरको स्वरूपमा हौं" भन्ने अर्थलाई परमेश्वरको कामले कसरी बुझाउन सक्दछ?

परमेश्वरको नियतलाई उत्पत्ति १:२६ले खुलासा गरेको छ। परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो र उसको काम के हो भनेर उहाँले तिनलाई निर्देशन दिनुहुन्छ। परमेश्वरको स्वभाव लिएर सृष्टि भएको मानिस त्यसै हल्लिएर बस्ने नभएर उहाँले तिनलाई केहि जिम्मेवारी पनि सुम्पिनुभएको थियो। परमेश्वरले सृष्टि गर्नुभएको सबै थोकहरू मानिसको नियन्त्रणमा छोड्नुभएको थियो। परमेश्वरको लक्ष्यलाई पूरा गर्न सृष्टि गरिएका उहाँको स्वरूप भएको मानव जातिलाई विभिन्न बरदानहरूले विभुषित पार्नुभएको थियो। उसमा भएका शारीरिक, बौद्धिक, सामाजिक र आत्मिक बरदानहरू मानवहितको निम्ति र परमेश्वरको महिमाको निम्ति प्रयोग गर्नु उसको कर्तव्य थियो। सबै सृष्टि मानिसको खतनमा राखिदिनुको अर्थ त्यस सृष्टिलाई दुरुपयोग नगरि त्यसलाई सम्मान गर्नु, हेरचाह गर्नु र व्यवस्थित ढँगले सम्हाल्नु हो। सृष्टिमा भएका जनावर जस्ता अरू जीवजन्तुहरूसँग मिलेर सृष्टिको विशेष हेरचाह गर्ने जिम्मेवारी मानिसलाई नै सुम्पिएको थियो। परमेश्वर मानिसहरूसँग मिलेर कसरी काम गर्नुहुन्छ भनेर मानिसको कामद्वारा देखाउनुपर्दथ्यो। परमेश्वरको स्वरूपमा सृष्टि भएकोले मानिसले यस संसारमा परमेश्वरको प्रतिनिधित्व गर्नु पर्थ्यो।

परमेश्वरको निजि स्वरूप भएर उहाँले खताउनु भएको काम गर्नु चानचुने अभिभारा थिएन।

यहि सन्दर्भमा मर्कूस १२:१३-१७ पढ्नुहोस्। हामी परमेश्वरको स्वरूपमा सृष्टि भएका हौं भनेर ती पदहरूले अझ कसरी बुझाउन खोज्दछन्?

"सिजर राजाको पैसा सिजरलाई नै फिर्ता देऊ" भन्ने येशूको निर्दशनलाई गम्भिर रूपमा लिनुपर्दछ। पैसामा त्यस राजाको फोटो वा छाप थियो। त्यसको अर्थ राजाको फोटो भएकोले त्यो पैसा उसको हो भनेर देखाउँदछ। तर तपाईंचाहिँ परमेश्वरको हो, त्यसकारण उहाँलाई तपाईं सुम्पिनु पर्दछ। तपाईंमा परमेश्वरको फोटो वा छाप छ, त्यसकारण तपाईं परमेश्वरको हो।"-मिलार्ड जे इरिक्सन, क्रिस्चियन थियोलोजी (मिशिगनः बेकर बुक हाउस्, १९९८) पृ. ५१५बाट रूपान्तरित।

उपरोक्त लेखकले व्यक्त गरेका भावनालाई हाम्रो जीवनमा कसरी आत्मसात् गर्ने? उहाँको प्रेमले भरिपूर भएर, विश्वासमा रहेर र उहाँमा बफादारि भएर चल्दा हामीमा उहाँको छाप छ भनेर देखाउँछौं। हामी परमेश्वरका हौं कि हौइनौं भनेर अरूलाई हामी कसरी व्यवहार गर्छौं त्यसले देखाउँदछ। परमेश्वरले हामीलाई सामजिक प्राणी बनाउनुभएको छ त्यसकारण मानिसहरूकै बीचमा रहेर हाम्रो क्रियाकलापले हामीमा परमेश्वरको स्वरूप छ भनेर हामी देखाउँदछौं

## ३. परमेश्वरको स्वरूपमाः खण्ड २ (उत्पत्ति २:१९,२०)

हामी "परमेश्वरको स्वरूपमा सृष्टि भएका" हौं भन्ने जे अर्थ भएतापनि त्यस वाक्यले हामी एक आपसमा सम्वन्ध जोड्न सृष्टि भएका हौं भनेर पनि देखाउँदछ। हाम्रो सम्वन्ध को को सँग छ? अरूसँगको सम्वन्धमा हाम्रो भूमिका कस्तो हुनुपर्दछ?

उत्पत्ति २:१९,२० पढ्नुहोस्। प्रकृति, पर्यावरण र जीवजन्तुहरूसँग मानिसको सम्वन्ध के रहेछ भनेर ती पदहरूले हामीलाई कसरी बताउँछन्?

**आदमलाई स्वतन्त्रता दिएको कुरालाई ख्याल गर्नुहोस्। परमेश्वरले सृष्टि गर्नुभएको जीवजीवातहरूको नामङ्करण गर्ने जिम्मा आदमलाई दिएको थियो। आदमले गर्न सक्ने कामलाई परमेश्वरले गर्नभएन। पशुपँक्षी आदिहरूको नाउँ आदमले जे दियो त्यहि परमेश्वरले अनुमोदन गर्नुभएको ती पदहरूले हामीलाई भन्दछन्।**

उत्पत्ति २:२०-२५ पढ्नुहोस्। परमेश्वरको स्वरूपमा सृष्टि भएकाहरूका बीचमा कस्तो सम्वन्ध हुनुपर्दछ भनेर ती पदहरूले कसरी बताउँदछन्?

**ती पदहरूको अर्थ के होला भनेर सयौं वर्षदेखि मानिसहरूले लेखेका छन्। ती पदहरूको मूल आकर्षित विषयवस्तु भनेकै आदम र हवाको बीचमा भएको घनिष्ट सम्वन्ध हो। जमिनको माटोबाट आदमलाई सृष्टि गरिएको थियो भने आदमबाट हवा सृष्टि भएको (सम्पूर्ण सृष्टिबाट हवाको सृष्टि फरक तरिकाले भएको थियो)। परमेश्वरको स्वरूपमा सृष्टि हुनुको अर्थ एक आपसमा नजिक र मायालु सम्वन्ध हुनुपर्छ भनेर हामीलाई देखाइएको छ (निश्चय नै त्री-एक परमेश्वरको बीचमा भएको सम्वन्धलाई मानव सम्वन्धले प्रतिविम्व गर्दछ)।**

अव उत्पत्ति ३:२० र प्रेरित १७:२६सँग उत्पत्ति १:२७ पढ्नुहोस्। पहिला जोडी आदम र हवाको बीचमा हुनुपर्ने एकताको सम्वन्धलाई ती पदहरूले कसरी उल्लेख गर्दछन्? त्यसले सम्पूर्ण मानव जातहरूको सम्वन्धको बारेमा के भन्दछ? न्याय, रंगभेद, विभिन्न जनजाति वा जातभात जस्ता जल्दोवल्दो राजनैतिक र नैतिक विषयवस्तुलाई ती पदहरूले कसरी सम्हाल्न खोजेको छ?

## ४. प्रदुषित वा विग्रिएको स्वरूप (रोमी ५:१२-१९)

विकासवाद सिद्धान्त अपनाउनेहरूले बाइबलमा प्रस्तुत गरेका धेरै विद्याहरूलाई समेत्न सक्दैन। ती मध्ये मानिसको पतनको बारेमा बाइबलले सिकाइएका विद्या तिनीहरूको निम्ति ठूलो समस्याको रूपमा खडा भएर बसेको पाइन्छ। जब मानिस र संसारको सृष्टि भयो ती सबै सिद्ध वा निष्खोट थिए भनेर बाइबलले औंल्याउँदछ। संसारमा पाप भित्रिएपछि मात्र दुःखकष्ट र मृत्युको सुरुवात भएको थियो। बिकासवाद सिद्धान्तले ती दुवै विद्यालाई सरासर अश्विकार गर्दछ। सृष्टिको प्रक्रियाको निम्ति दुःखकष्ट र मृत्यु अनिवार्य छ भनेर विकासवाद सिद्धान्तले सिकाउँदछ।

यदि विकासवाद सिद्धान्त अनुसार परमेश्वरले यस संसार सृष्टि गर्नुभएको हो भने उहाँको चरित्रको बारेमा के भन्ने रहेछ सो अनुमान गर्नुहोस्। सिद्ध र निश्वार्थी मानिस बनाउन परमेश्वरले हिँसा, स्वार्थपनि र कमजोरमाथि बलियोले नियन्त्रण गर्ने प्रविधि अपनाउनु भयो रे ! किन त भन्दा त्यो मानिस हिँसात्मक हुन, स्वार्थी बन्न र कमजोरमाथि नियन्त्रण गर्नको लागि रे ! यदि त्यस अवस्थाबाट मानिसको उद्धार गरिएन भने सबैजना अन्तिम सजायँको भागी हुने छ रे!

मुक्तिको योजनालाई विकासवाद सिद्धान्तले के गर्दछ सो पनि सोच्नुहोस्। नर बाँदरबाट विस्तारै विकसित भएको मानिसको रूप धारण गरेर परमेश्वर जन्मन रोज्नुभयो रे! विकसित भएको नरबाँदरले अन्तिम शत्रु मृत्युलाई (१ कोरन्थी १५:२६) उहाँले हटाउन आउनुभयो रे! यदि मानव जात सृष्टि गर्न वा विकसित गर्न मृत्युको प्रक्रियालाई परमेश्वरले अपनाउनुभयो भने त्यो मृत्यु कसरी शत्रु हुनसक्दछ र? आफ्नो स्वरूपमा मानिसलाई पुनः सृष्टि गर्न प्रभु येशू धेरै नरबाँदर र गुफामा रहने आदिवासी हुन्दै विभिन्न मानव रूप लिएर मर्दै जानुपर्दथ्यो। के जुन प्रक्रिया अपनाएर मानिसलाई सृष्टि गर्नुभयो त्यहि प्रक्रियाबाट उद्धार गर्न येशू आउनुभएको हो त? त्यस्तो तर्क मनगढन्ते हो र

**बाइबलसम्मत छैन। यथार्थमा भन्ने हो भने विकासवाद सिद्धान्तलाई बाइबलले समेत्न सक्दैन।**

रोमी ५:१२-१९ र कलस्सी ३:१० पढ्नुहोस्। पापले मानिसको स्वभावलाई कसरी तहसनहस गऱ्यो भनेर ती पदहरूले हामीलाई औंल्याउँदछन्? येशू र सैतानको बीचमा भइरहेको महान् तार्किक संग्राम वा मतभेदमा विकासबाद सिद्धान्तले कस्तो भूमिका खेलिरहेको हामी पाउँछौं? १ यूहन्ना ३:८ पनि पढ्नुहोस्।

**मानिसको सबै पक्षहरूमा पापले प्रदुषित पारेको छ। पापले पृथ्वी र पर्यावरणलाई पनि तहसनहस पारेको छ। पापले गर्दा यस संसारमा तिन प्रकारको श्राप परेको छ भनेर एलेन जी ह्वाइटले भन्नुभएको छ। पहिलो श्राप त आदमको पतन पछि भयो। दोस्रो श्राप केनले आफ्नो भाइ हावेललाई मारेपछि सुरुभयो। तेस्रो श्रापचाहिँ जलप्रलय भएर यस पृथ्वी ध्वस्त भएपछि सुरू भयो। मानिस पूरा खतम भएको र निरिह भएको कुरालाई बाइबलका चिन्तकहरूले छलफल गर्दछन्। यसको अर्थ मानिसको जीवनको सबै पक्ष वा भागहरूलाई पापले बिगारी दिएको छ। संसारको चालामाला र हाम्रै जीवनलाई हेर्दा पनि पापको असर कत्तिको छ भनेर पुष्टि गर्दछ। गर्दैन त?**

हिंसा, दुःखकष्ट, मृत्यु आदि अपनाएर परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको हो, त्यसकारण ती आततायी अवस्था अपरिहार्य छ भनेर कतिपयले विश्वास गर्दछन्। सैतानले हिंसा, दुःखकष्ट, मृत्यु आदि अपनाएर परमेश्वरले रच्नुभएको मानिसलाई नाश गर्न प्रयास गर्दछन् भने अरूको धारणा छ। ती दुवै बिपरित धारणाहरूले परमेश्वरको स्वभावलाई कसरी भिन्ना भिन्नै रूपमा चित्रण गर्दछन्, सोच्नुहोस्?

## ५. जिर्णोद्धार वा पुनसंरचना (रोमी ८:२९)

पापले गर्दा यस पृथ्वी ध्वस्त वा तहसनहस भएको छ। यद्यपि, सबै कुरा सदाको लागि विग्रियो भन्ने छैन। हामी अझ आशावादि

हुनसक्दछौं। हामीमा भएको परमेश्वरको स्वरूपको पुनःसंरचना र पुनःर्जिवित हुनेछ भनेर बाइबलले बताउँदछ।

देहायका पदहरू वढो ध्यान दिएर पढ्नुहोस्: रोमी ८:२९, २ कोरन्थी ३:१८ र एफिसी ४:२३,२४। ती पदहरूमा के र कस्तो आशालाई झल्काउँदछन्?

**हामी फेरि परमेश्वरकै स्वरूपमा पुनःसृजने छौं भनेर बाइबलले स्पष्ट रूपमा आशा देखाउँदछ। तर हामीले पाउने नवजीवन हाम्रो कुनै पनि अथक प्रयासले पाउने होइन। नवजीवन वा पुनःसंरचनाको आधारभूत श्रेय येशू नै हुनुहुन्छ भनेर बाइबलले औंल्याउँदछ। ख्रीष्टले के गर्नुभयो त्यसैमा मात्र हाम्रो परिवर्तित जीवन र मुक्तिको आशा भर पर्नुपर्दछ। हामीलाई प्रदान गरिने मुक्ति हामीहरूको अथक प्रयास, त्याग तपस्या वा असल चरित्रमा भर नपरिकन येशूकै धार्मिकतामा भरपर्दछ।**

परमेश्वरको स्वरूपमा मानव जात फेरि कसरी सृजन्छ भने २ कोरन्थी ५:१७ले भन्दछ। त्यस पदले भन्दछ, "त्यसकारण, कोहि मानिस ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। विगतका सबै थोकहरू वितिजान्छ। सबै थोक नयाँ भएर खडा हुन्छ।" (रूपान्तरित)। तर त्यसको अर्थ नयाँ मानिस भयो भन्दैमा यस संसारमा उनी पापको पहुँचबाट सुरक्षित छ भनेर ढुक्क हुनसक्दछ र? आत्मनिर्णय अपनाएर पापको भुमरीमा कोहि पर्न चाहन्छ भने त्यो नयाँ जीवनको दोष हो र? तपाईंको आफ्नै अनुभवहरूले त्यस प्रश्नको जवाफ कसरी दिन सक्दछ?

**सैतानसँग आत्मिक लडाईंमा हामी सधैं चनाखो हुनुपर्दछ भनेर बाइबलले हामीलाई निर्देशन दिँदछ। भौतिक शरीर र आत्मिक शरीरको बीचमा संघर्ष भइ नै रहन्छ (गलाती ५:१६,१७)। ती विश्वासीहरू जो परमेश्वरको स्वरूपमा पुनःसृजिएका हुन्छन्, आत्मिक संघर्ष मनगढन्ते नभएर यथार्थ भएको तिनीहरूले अनुभव गर्दछ। परमेश्वरको शक्तिलाई आत्मसात् गरेर ती विश्वासीहरू सैतानको चुनौतिहरूको सामना गर्न तयार हुन्छन् (एफिसी ६:१०-१३)। त्यसकारण हामी मध्ये कोहि परमेश्वरको स्वरूपमा पुनःसृजने निर्णय**

अपनायौं भने यस महान् मतभेदको नाटकमा हामी परमेश्वरको पक्षमा उभिन जानेछौं। ख्रीष्टबाट नयाँ जीवन र शक्ति पाएर फुर्तिलो भएका विश्वासीहरूको अनुभव एलेन जी ह्वाइटले यसरी व्यक्त गर्दछिन्: "त्यस अनुभवले गर्दा कुनै पनि इसाई थचक्क बसेर हात बाँधेर बस्नु हुन्न, न त परमेश्वरले जे गर्नुभयो त्यसमा ढुक्क भएर आराम लिएर बस्नु मनासिव हुन्छ। जो मानिस येशूको आत्मिक राज्यमा पस्न राजी हुन्छ त्यसले आफ्नो पापी स्वभावलाई तहसनहस पार्ने सैतानको अनेकौं आक्रमक नितिहरूको सामना गर्नुपर्नेछ। प्रत्येक दिन आफ्नो जीवन परमेश्वरमा अर्पण गर्नुपर्दछ। प्रत्येक दिन दुष्ट सैतान र उसले फाल्ने बिचारहरूसँग तिनले भिँडनु पर्दछ। उसको पुरानो आचरण, आनिवानिले उसलाई नियन्त्रण गर्न खोज्नेछ। तिनीहरूदेखि विश्वासी वढो चनाखो भएर बस्नुपर्दछ। ख्रीष्टको शक्तिले विजय पाउन त्यो विश्वासीले कडा परिश्रम गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ४७६,४७७बाट रूपान्तरित।

**उपसंहार:**

एलेन जी ह्वाइटको *पाट्रियार्क र प्रोफेटस्,* पृ. ४४-५१को "द क्रियशन" अध्यायले सृष्टिको बारेमा अझ राम्रोसँग प्रकाश पार्दछ।

"आदिमा परमेश्वरको स्वरूपमा मानिसलाई सृष्टि गरिएको थियो। परमेश्वरको व्यवस्था वा निति र प्रकृतीसँग उनी सिद्धरूपमा एक भएको थियो। धार्मिक नितिका विद्याहरू उनको हृदयमा लेखिएका थिए। तर पापले गर्दा उनलाई परमेश्वरबाट अलग गरियो। पापको प्रदुषणले गर्दा उनले परमेश्वरको स्वभावलाई देखाउन असक्षम् भयो। परमेश्वरको आज्ञा, व्यवस्था वा नितिको विद्यासँग उनी भिँड्न थाले। 'पापी स्वभाव परमेश्वरसँग युद्ध गर्दछन्। उसले परमेश्वरको विधिलाई पालन गर्दैनन्। न त पालन गर्न सक्षम् नै हुन्छ।' (रोमी ८:७ रूपान्तरित)। तर "परमेश्वरले संसारलाई यस्तरी प्रेम गर्नभयो की उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो' (यूहन्ना ३:१६ रूपान्तरित)। परमेश्वरको त्यस प्रेमको

प्रक्रियाले मानिस परमेश्वरको स्वरूपमा फिर्न सक्दछ। ख्रीष्टद्वारा मानिस परमेश्वरसँग मिलाप हुनसक्दछ, उहाँसँग एक हुनसक्दछ। मानिसको हृदय परमेश्वरको अनुग्रहले फुर्तिलो पारिरहनुपर्दछ। स्वर्गबाट उसले नयाँ जीवन पाउनुपर्दछ। त्यस परिवर्तनलाई नयाँ जन्म भनेर कहलाइन्छ। नयाँ गरि जन्मिएन वा यस संसारमै पुनर्जीवनको आभास पाएन भने, येशूले भन्नुहुन्छ, 'उसले परमेश्वरको राज्य देख्न सक्दैन' (यूहन्ना ३:३)।–एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ४६७बाट रूपान्तरित।

विश्वका शिक्षाविदहरूको शिक्षाको बारेमा विभिन्न परिभाषाहरू दिएका छन्, तर एलेन जी ह्वाइटको अनुसार, "शिक्षाको मूल उद्देष्य मानिसहरूमा परमेश्वरको स्वरूप फर्काउनु हो। सुरूमा परमेश्वरले आफ्नै स्वरूपमा मानिसलाई सृजनुभएको थियो। परमेश्वरले मानिसलाई आदर्श चरित्र दिनुभएको थियो। उसको दिमाग संतुलित थियो। मानिसका सबै संरचना वा शक्तिहरू परमेश्वरमा मिलेको थियो। तर पापले गर्दा परमेश्वरले दिनुभएको बरदान विग्रन पुग्यो। पापले मानिसको स्वभावलाई तहसनहस पार्‍यो र उसमा भएको परमेश्वरको स्वरूप भड्किन पुग्यो। तर ममतामयी र सदाशयी परमेश्वरले मानिसमा आफ्नो स्वरूप फर्काउन मुक्तिको योजनाको खाका तयार पार्नुभयो। अनि त्यस योजनाको परिधिमा पस्न मानिसलाई अवसर दिनुभयो।"-पाट्रियार्क एण्ड प्रोफेटस्, ५९५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदमा विकासवाद सिद्धान्तले कस्तो भूमिका खेलिरहेको छ? बाइबलमाथि मानिसको विश्वासलाई ध्वस्त पार्न सैतानले विकासवाद सिद्धान्तलाई कसरी प्रयोग गरिरहेको छ?

आ. नयाँ करार सरसर्ती हेर्नुहोस्। आदमको बारेमा त्यसले के भन्छ सो हेर्नुहोस्। आदम कुनै मनगढन्ते पौराणिक कथा नभएर साँच्चिकै व्यक्ति हो भनेर नयाँ करारले कसरी पुष्टि गर्दछ?

हामी को हौं,, हामी यहाँ कुन अवस्थामा पुग्यौं र येशूमा हाम्रो आशा के छ भन्ने विद्यालाई आत्मसात् गर्न कुनै नरवाँदर होइन तर आदमलाई नै हाम्रो पूर्खा भनेर किन मान्नुपर्दछ?

इ. परमेश्वरको स्वरूपमा हामी फर्किने धारणाको बारेमा अझ सोच्नुहोस्। हामी बिरामी हुने, वुढा हुने र मर्ने परिप्रेक्ष्यमा परमेश्वरको पुनः संरचनाको योजनालाई हामीले कसरी बुझ्ने?

ई. भौतिक विज्ञानका क्वान्टन थ्यौरी र जनरल रिलेटिभिटी एक आपसमा बाँझिन्छ। अर्थात् विज्ञानका कतिपय कुराहरू एक आपसमा नमिलेको पाउँछौं। त्यसले गर्दा विज्ञानलाई नै साश्वत वा सिद्ध विद्या भनेर सोच्नु कत्तिको मनासिव छ?